**प्रदेश सभा**
**सुदूरपश्चिम प्रदेश**
२०७६/०३/२६
चौथो अधिवेसन
(सत्ताईसौं बैठक)
बाचन पत्र (रिडिङ्ग पेपर)

**१. मा० सदस्यहरु,**

यस सभाको चौथो अधिवेशनको सत्ताईसौं बैठकको कारवाही प्रारम्भ हुन्छ ।

**२. माननीय सदस्यहरू,**

अब, म प्रदेश सभा नियमावली २०७४ को नियम १३० को उपनियम (३) बमोजिम **आ.ब. २०७६/०७७ को राजश्व र व्ययको अनुमान (बजेट) तथा उक्त बजेटसँग सम्बन्धित सुदूरपश्चिम प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वय गर्न बनेको विधेयक, २०७६ र आर्थिक वर्ष २०७६/०७७ को सेवा र कार्यहरूको लागि प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६** माथिको सामान्य छलफलमा उठान भएका प्रश्नहरूको जवाफ दिन आर्थिक मामिला तथा योजना मन्त्री मा० झपट बहादुर बोहरालाई समय दिन्छु ।

**माननीय झपट बहादुर बोहरा**

माननीय सभामुख महोदय, आर्थिक वर्ष २०७५/७६ को बजेटको सम्दर्भमा हामीले धेरै छलफल गरिसकेका छौं र अब उठान भएका विषयवस्तुका बारेमा म केही कुराहरु निवेदन गर्न चाहान्छु । जे कुराको रचनात्मक सुझाव आएको छ माननीय सांसदज्यूहरुबाट हामीले त्यो ग्रहण गरेका छौं । बजेटमा भएका कमीकमजोरीहरुलाइ सुधार गरेर जाने । प्राविधिक त्रुटीलाइ Correction गर्ने ५३ जना माननीय सांसदज्यूहरुको मनभावनालाइ समावेश गर्ने यो सरकारको निर्णय भएको छ । हामी यो सदनका माननीय सांसदज्यूहरुको गरिमालाइ अझ उच्च सम्मान गर्दै सुदूरपश्चिमको विकासमा सहभागी हुन र यो बजेटमा भएका कार्यक्रमको अपनत्व लिनका लागि प्रदेश सरकार गम्भिर छ । प्रदेश सरकार उच्च सम्मानका साथ माननीय सांसदज्यूहरुलाइ असन्तुलन भएका ठाउमा सन्तुलन गरेर विनियोजन गर्नेछ भन्ने व्यहोरा माननीय सभामुख मार्फत म यो सदनमा अनुरोध गर्न चाहान्छु । केही बजेटमा उठान भएका विषयवस्तुहरु छन् र केही बजेटमा नभएका व्यवस्थाहरु पनि छन् । यहाँ बजेट पक्कै पनि १ वर्षको कुनै पनि सरकारको आय र व्ययको विवरण हो । त्यो आय र व्ययको विवरणले कथमकदाचित सन्तुलन कायम गर्न सक्ने परिस्थिति छ भने त्यसका विधि र प्रकृया पुरा गरेर हामी त्यसलाइ सन्तुलित गर्न सक्छौं । हामीले यो प्रदेशका ९ जिल्ला ८८ वटा स्थानीय तह र सबै जनताको मनोभावलाइ बुझेर वाहाका इच्छा आकांक्षालाइ परिपूर्ति गर्न सरकार कटिवद्ध छ र माननीय सांसदज्यूहरुले जनप्रतिनिधिको हिसाबले राखेका कुराहरु र जायज कुराहरु सम्बोधन गर्नुपर्दछ । पतपश्चात मात्रै अपनत्व हासिल हुन्छ भन्ने हामीलाइ बुझाइ छ र त्यो बुझाइको हामी पूर्ण रुपमा कार्यान्वयन गर्न चाहान्छु । यसमा यहाँहरुले कुनै किसिमको दुविधा मान्नको लागि म यो गरिमामय सदनमा अनुरोध गर्न चाहान्छु । विशेष गरेर यो बजेटमा केही कुराहरुको समावेश भएको थियो । यो बजेटमा हामीले कृषिलाइ बढी प्राथमिकता किन राख्यौं भने धेरै जसो रोजगारी यो प्रदेशमा कृषिले नै दिएको छ । हामी अब कृषिलाइ एउटा निर्वाहामुखी मात्रै होइन व्यवसायींकन गरेर आधुनिक प्रविधिको प्रयोग गरेर वैज्ञानिक कृषि प्रणाली अपनाएर हामी निर्वाहमुखी होइन व्यवसाय मुखी कृषि गर्नुपर्दछ । अहिलेसम्म यो

प्रदेशमा मात्रै होइन नेपाल भित्रै अरबौं रुपैयाको कृषिजन्य वस्तुको आयात हुँदै आएको छ । यदि हामीले प्रकृतिले दिएको अनुपम उपहार जो हामीसँग छ त्यसको पूर्ण रुपमा सदुपयोग गयौं र हामी कृषिमा आत्मनिर्भर रहेनौं भने आगामी दिन भयाभह हुन्छन् । हामीले कृषिमा पनि व्यापार घाटा सहीराखेका छौं । यो मुलुकको राजश्व आयातमुखी अर्थतन्त्रमा निर्भर रहेको छ । त्यसैमा पनि विदेशबाट आएको विप्रेषण यो मुलुकमा नहुनेहो भने यो मुलुक जिम्बाव्यभन्दा तल्तिर गएर यसको मुद्रास्थितिको दर बढ्न सक्छ । त्यसैले कृषिमा सहजतरिकाले रोजगारीका अवसरहरु सृजना गर्दै कृषिलाइ अझ आत्मनिर्भर बनाउदै कृषिलाइ व्यवसायमुखी बनाउदै र आवश्यकता परेको अवस्थामा कृषिलाइ हामीले निर्यातमुखी बनाउदै यो प्रदेशलाइ दिगो आर्थिक विकासमा अगाडी बढाउनुपर्ने आजको टटकारको आवश्यकता रहेको छ । हामीले विगतको भन्दा कृषिमा धेरै बजेट राखेका छौं । आगामी तिन वर्ष भित्र प्रदेश सरकारको लक्ष्य छ हामी कृषिमा आत्मनिर्भर बनेर देखाउनुपर्ने यसमा यहाँकोही प्रतिपक्ष पक्ष हुँदैनन् यहाँ राजनीतिका वाद र सिद्धान्त हुँदैनन् सबैले यक्यवद्धता जारी गरेर हामी सामुयिक रुपमा यो काममा अगाडी बढयौं भने पक्कै पनि सुदूरपश्चिम प्रदेश कृषिमा आत्मनिर्भर हुने कुरामा सरकार विश्वस्त रहेको कुरा माननीय सभामुख मार्फत म भन्न चाहान्छु । केही कार्यक्रम कृषिमा पनि राखिएका छन् । विशेष गरेर कृषिमा राखेका कार्यक्रमको म यहाँ चर्चा गर्न चाहान्छु । मुख्यमन्त्री एकिकृत कृषि तथा पशुपन्छी विकास कार्यक्रम हामीले ४४ करोड राखेका छौं । ८८ वटा स्थानीय तहलाइ तहमा हामीले यसलाइ विनियोजन गर्ने किसिमले यसका सम्भाव्यताहरु के छन् । कुन स्थानीय तहमा के कुरा गर्दा राम्रो हुन सक्छ त्यो कुरालाइ हामी गहन रुपमा विज्ञको परामर्श लिएर हामी त्यो पैसा विनियोजन गरेको रकम हामी त्यहाँ कार्यक्रममा लागु गर्न चाहान्छु । त्यसतै फलफुल उद्योगको लागि हामी आत्मनिर्भर बन्नको लागि हामीले २ करोड रुपैया व्यवस्था गरेका छौं । केरा खेतीमा अझै यलाइ परिस्कृत र परिमार्जित गर्दै अझ यो खेतीलाइ विस्तारित गर्दै २ करोड रुपैया कृषिमा पनि राखेका छौं । वीउ प्रशोधन भण्डारण र बजारीकरणको लागि हामीले १ करोड ५० लाख रुपैया अनुदान राखेका छौं । प्राङ्गिक मलको लागि कारखाना स्थापना गर्नको लागि हामीले ६० लाख राखेका छौं । त्यसतै यहाँ कैलाली र कंचनपुरमा धेरै जसो छाडा पशुको समस्या भयाभह भएको कारणले र्गदाखेरी त्यसको गौसाला व्यवस्थापनको लागि १ करोड रुपैया विनियोजन गरेका छौं । कृषि कृतिम गर्भाधान र सुद्रिणीकरणको लागि हामीले ९ जिल्लाको लागि हामीले १ करोड रुपैया राखेका छौं र महिलाद्धारा संचालित कृषि सहकारीको पूर्वाधार निर्माणमा सहायता गर्नको लागि हामीले अघि यहाँभन्दा अगाडी माननीय सांसदज्यूले भन्नुभाथ्यो । महिलाहरुको लागि केही थिएन । महिलाहरुद्धारा प्रवन्धित कृषि सहकारीको लागि हामीले अनुदानको रुपमा १ करोड रुपैया विनियोजन गरेका छौं । उत्पादन प्रशोधन र बजारीकरण कार्यक्रममा सहकारी संस्थालाइ मागमा आधारित पुजिगत अनुदान दिनको लागि हामीले ५ करोड रुपैया विनियोजन गरेका छौं । त्यसतै मुक्त कमैया हलिया एकल महिला पिछडिएका विपन्न वर्गको जिविकोपार्जनको लागि हामीले कार्यक्रम संचालन गर्नको लागि २ करोड रुपैया राखेका छौं । यसभन्दा अगाडी माननीय सांसदज्यूहरुले भन्नुभाथ्यो एकल महिला मुक्त कमैया हलिया यिनिहरुको लागि छैन भनेर म अर्थमन्त्रीको हैसियतले याहाँहरुलाइ विश्वस्थ तुल्याउन चाहान्छु । सरकारले यथेष्ट प्रयास गरेर आफ्नो सिमित साधन स्रोतका बाबजुत पनि कार्यक्रम अधित्तम राख्ने र विनियोजन कुशलता मार्फत कार्यान्वयन गर्ने अटुट प्रतिवद्धता जाहेर गरेको व्यहोरा माननीय सभामुख मार्फत म यो गरिमामय सभामा अनुरोध गर्न चाहान्छु । त्यसतै गरिब र विपन्न वर्गको लागि मुख्यमन्त्री एकिकृत वस्ती विकास कार्यक्रमको लागि सरकारले ४ करोड रुपैया विनियोजन गरेको छ । महिलाको आय

महिलाको लक्षित कार्यक्रमलाइ आयआर्जनसँग जोड्नको लागि १ करोड रुपैया राखेको छ । अझै वास्तवमा भन्नेहो भने माननीय सभामुख महोदय यो बजेट महिलामत्री बजेटको रुपमा प्रस्तुत भएको भन्दा मलाइ अतिशक्ति नहोला भन्ने म निवेदन गर्न चाहान्छु । त्यसतै कोल्ड च्याम्बर कोल्डस्टोर राइपनिङ च्याम्बरको लागि जहाँ केही सामानहरु किन्नुपर्ने हुन्छ कुनै कृषकले त्यो सामानहरु एक्लै किन्न सक्दैन । त्यसलाइ ऋणमा लिएर कामगर्नको लागि बातावरण सृजना गर्नको लागि र अत्याधुनिक प्रविधिबाट त्यो मान्छे बन्चित नहोस भन्नको लागि प्रदेश सरकारबाट ३ करोड ७५ लाख रुपैया हामीले त्यहाँ विनियोजन गरेका छौं । त्यसतै तन्तु प्रयोगशालाको लागि १ करोड ५० लाख हामीले विनियोजन गरेका छौं भने चिया कफी खेती प्रबर्द्धन गर्नको लागि उचित बजेटको हामीले विनियोजन गरेका छौं । बेमौसमी तरकारी उत्पादनको लागि यो प्रदेशमा १ करोड रुपैया र पुष्प विकासका लागि ६० लाख रुपैया सरकारले बजेट विनियोजन गरेको छ । त्यसै लिफ्ट सिचाइका लागि सौर्य उर्जाद्धारा तेलाइ संचालन गर्नको लागि १ करोड रुपैया र कृषि यान्त्रिकरण सहयोग कार्यक्रमको लागि प्रदेश सरकारले ५ करोड रुपैया बजेट विनियोजन गरेको छ । स्याउ प्रशोधन तथा ढुवानीमा हामीले स्याउमा आत्मनिर्भर हुनुपर्दछ । हाम्रा केही जिल्लाहरु स्याउका लागि उर्बर भूमिको रुपमा रहेका छन् । त्यहाँका लागि हामीले स्याउ विउ उत्पादनमा सहयोग गर्नका लागि ५० लाख रुपैया राखेका छौं र च्याउ उत्पादनमा सहयोग गर्नको लागि ६० लाख रुपैया राखेका छौं । आलु उत्पादन क्षेत्रका पकेट क्षेत्र निर्धारण गरेका छौं । त्यसको लागि पनि हामीले आवश्यक बजेट निर्धारण गरेका छौं । हामीले कृषि सम्बन्धी ज्ञानलाइ अभिवृद्धी गर्नको लागि र कृषि चेतना फैलाउनको लागि र कृषिमा जागरुप ल्याउनको लागि कृषि पाठशाला संचालन गर्ने कार्यक्रमको पनि शुरुवात गर्ने हामीले प्रयत्न गरेका छौं र यसको लागि हामीले आवश्यक बजेट विनियोजन गरेका छौं । त्यसतै यो प्रदेशमा मोडल डेरी स्थापना गर्नको लागि १ करोड ५० लाख हामीले बजेट विनियोजन गरेका छौं । सहकारीमा मिटमाट स्थापनाका लागि पनि हामीले १ करोड ५० लाख विनियोजन गरेका छौं र कंचनपुरमा भैंसीपालन फार्म स्थापनाको लागि हामीले ४ करोड रुपैया बजेटको विनियोजन गरेका छौं । पशुपंक्षी तथा मत्स्य विकासको लागि हामी यान्त्रिकरण सहयोग गर्ने भनेर प्रदेश सरकारले ३ करोड रुपैयाको व्यवस्था गरेको छ । त्यसतै साझेदारीमा जैविक विषाधीखान स्थापना गर्नको लागि पनि प्रदेश सरकारले आवश्यक बजेट विनियोजन गरेको छ । माननीय सभामुख मार्फत म सदनलाइ निवेदन गर्न चाहान्छु हामी ३ वर्षमा कृषिमा आत्मनिर्भर हुनै पर्दछ । कृषिमा हामीले आयात गर्ने कुराहरु गर्नु हुँदैन । कृषि हामी यदि व्यवसायीकरण र आधुनिक कृषि प्रणालीमा हामी गएनौं भने यले ठुलो दुर्भाग्य निम्त्याउछ । त्यसैले कैलाली र कंचनपुर र केही डडेल्धुराका भागहरु कृषिको लागि उर्भर भूमिका रुपमा रहेका छन् । पहाडका केही क्षेत्र पशुपंक्षीजन्य व्यवसाय गर्नका लागि उर्बर भूमिका रुपमा रहेका छन् । यो सबै भूगोल र क्षेत्रको समन्वय गरेर हामीले प्राकृतिक अनुसारमा हाम्रा कृषिका कार्यक्रम संचालन गर्ने प्रदेश सरकारको नीति रहेको छ । सोही नीति अनुरुप हामीले यथोचित बजेटको व्यवस्था गरेका छौं । म अब यसपछि यहाँ धेरै प्रश्न उठेका थिए कि हामीले आयात निर्यातमा केही गरेनौं पर्यटनमा केही गरेनौं हामीले वातावरणमा वनमा केही गरेनौं भन्ने कुरा पनि आएका थिए । केही Highlighted कार्यक्रम म यहाँ भन्ने अनुमति चाहान्छु । हामीले अहिले पनि एउटा विदेशीहरुलाइ यो प्रदेश पर्यटकीय गन्तव्य होस भनेर फेरी यहाँका हिमाल आरोहण गर्नको लागि हामीले ५० लाख बजेटको व्यवस्था गरेका छौं । हामीले पर्यटन विकासका लागि १ करोड रुपैया बजेट विनियोजन गरेका छौं भने ५ वटा पर्यटन करिडोर निर्माण गर्ने भनेर सरकारले १३ करोड ५२ लाख रुपैया यहाँ रकमको

विनियोजन गरेको छ । त्यसतै एकिकृत खप्तड रामारोशन पर्यटन विकास समिति हामीले विकास गरिसकेका छौं र त्यसको लागि पनि हामीले यथोचित बजेटको विनियोजन गरेका छौं । हामीले १ निर्वाचन क्षेत्र १ पर्यटन गन्तव्य भनेर ३ करोड २० लाख रुपैया ३२ वटा निर्वाचन क्षेत्रलाइ छुट्याएका छौं । त्यसतै पर्यटन सूचना केन्द्र स्थापनाका लि ७० लाख रुपैया छुट्याएका छौं भने नेपाल भ्रमण वर्षको प्रबर्द्धन गर्नको लागि पनि आवश्यक बजेटको विनियोजन गरेका छौं । हामिले सेती र महाकालीमा र्याफटिङ बोड संचालन गर्नका लागि पनि आवश्यक बजेट विनियोजन गरेका छौं । धार्मिक सांस्कृतिक प्रर्यटन विकासका लागि हामीले ५ करोड रुपैया विनियोजन गरेका छौं । त्यसतै प्रादेशिक जडिबुटी भण्डार केन्द्र स्थापना गर्ने खाद्य तथा नुन डिपो स्थापनाका लागि ३ करोड रुपैया बजेट विनियोजन गरेका छौं । सुफत मुल्यका लागि पुन हामीले ७ करोड ९२ लाख रुपैयाको बजेट यसपालि पनि आगामी आर्थिक वर्षको लागि पनि २०७६/७७ को लागि पनि हामीले विनियोजन गरेका छौं । त्यसतै प्रत्येक स्थानीय तहमा लघुतथा घरेलु उद्योग स्थापना गर्नको लागि ७ करोड ४ लाख रुपैया बजेट विनियोजन गरेका छौं र हरेक निर्वाचन क्षेत्रमा २ नविन उद्योग गर्नको लागि पनि आवश्यक बजेट विनियोजन गरेका छौं । निस्कृय रहेका जुन यहाँका उद्यमी छन् उनिहरुलाइ सकृय बनाउनको लागि हामीले आवश्यक बजेट विनियोजन गरेका छौं । विभिन्न कारणले आफ्नो काम नगरेका या विउ पुजी नपाएका या प्राविधिक ज्ञान नभएका या आफ्नो अरु कुनै कारणले गर्दाखेरी व्यवसाय संचालन नगरेका निस्कृय भएका उद्यमी र व्यवसायीलाइ पनि हामीले सक्रिय बनाउनको लागि आवश्यक बजेट विनियोजन गरेका छौं । यो भूक्षय नियन्त्रणको लागि पनि हामीले विभिन्न कार्यक्रम तय गरेका छौं र त्यसको लागि पनि आवश्यक बजेटको व्यवस्था गरेका छौं । एउटा जडीबुटी प्रशोधन कम्पनी खोल्नको लागि पनि हामीले पुन बजेटको विनियोजन गरेका छौं यसपाली हामी जसरी पनि उच्च मुल्यको जडिबुटी संकलन र प्रशोधन गर्नको लागि सुदूरपश्चिम प्रदेशमा हामी विदेशी कम्पनीसँग हामी Technical Equilibration गरेर कम्पनी स्थापना गर्न प्रयत्नशील छु र यसपाली गरेरै छाड्ने हाम्रो अठोट रहेको व्यहोरा माननीय सभामुख मार्फत म यहाँ निवेदन गर्न चाहान्छु । त्यसतै सामाजिक विकास मन्त्रालय तर्फम केही कुरा म वाचन गर्ने अनुमति चाहान्छु । विद्यालय पूर्वाधार कार्यक्रम सुधारको लागि ७८ करोड ८० लाख रुपैया हामीले विनियोजन गरेका छौं । यो विगतको भन्दा कम होइन धेरै नै हो । ४ कोठे विद्यालय भवनको लागि २५ करोड ६० लाख रकम विनियोजन गरेका छौं भने २ कोठे विद्यालय भवनको लागि १२ करोड ८० लाख हामीले विनियोजन गरेका छौं । प्राविधिक धारको विद्यालय छात्रावास निर्माणको लागि ३ करोड १५ लाख विनियोजन गरेका छौं । यसइइ केन्द्र भएका विद्यालयको फर्निचर अनुदानमा हामीले १ करोड रुपैया राखेका छौं । यसतै विद्यालयको घेरापर्खालको लागि आवश्यक भएको ठाउमा हामीले निर्वाचन क्षेत्र हेरेर २ करोड ५० लाख विनियोजन गरेका छौं भने कर्मागत ४ कोठे भवन निर्माणका लागि २१ करोड रुपैया विनियोजन गरेका छौं । क्रमागत सामुदायिक धारको विद्यालयको छात्रावास निर्माणको लागि पुन हामीले १० करोड ५० लाख विनियोजन गरेका छौं । प्रयोगशाला सुधार कार्यक्रमको लागि २ करोड २५ लाख विनियोजन गरेका छौं । त्यसतै क्यामसहरुको मर्जिङका लागि प्रोत्सान स्वरुप २० लाख रुपैया गरका छौं भने नमुना क्याम्पसमा स्तरउन्नती हुनेलाइ प्रोत्साहन स्वरुप १ करोड ३५ लाख रुपैया बजेट विनियोजन गरेका छौं । मापदण्डको आधारमा सामुदायिक सरकारी क्याम्पसलाइ अनुदान स्वरुप ७५ लाख रुपैया राखेका छौं । त्यस्तो अनुसन्धान विभागको सुद्रिढीकरणको लागि ४५ लाख रुपैया राखेका छौं । त्यसतै गोकुलेश्वर कृषि तथा पशुविज्ञान क्याम्पस निर्माणका लागि १ करोड र फर्निचर सहितको क्याम्पस निर्माणका

लागि १२ करोड ८० लाख रुपैया हामीले विद्यालयलाइ छुट्याएका छौं । विद्यालय सहयोगीलाइ प्रोत्साहन गर्न ३ करोड ५८ लाख हामीले छुट्याएका छौं । त्यसतै अस्पतालको सुदृढीकरण गर्नको लागि सुदूरपश्चिम प्रदेशमा हामीले १७ करोड २७ लाख हामीले पैसा छुट्याएका छौं । किनभने सिक्षा स्वास्थ्य खानेपानी यी मानवका नभइ नहुने कुराहरु हुन् । यसबाट कुनै पनि हाम्रो प्रदेशको नागरिक बन्चित हुनुहुदैन भन्ने र प्रदेश सरकारले यथेष्ट बजेटको विनियोजन गरेको छ । त्यसतै महिला स्वास्थ्य स्वयंसेविकाको निशुल्क स्वास्थ्य विमाका लागि हामीले १ करोड ९९ लाख रुपैया बजेट विनियोजन गरेका छौं । आधारभूत स्वास्थ्य सेवा सुदृढीकरणको लागि ४ करोड ४० लाख रुपैया विनियोजन गरेका छौं । उच्च लक्षित छात्रवृतिको लागि हामीले ३ करोड रुपैया छ भने मुख्यमन्त्री खेलकुद प्रतियोगिताका लागि हामीले १ करोड रुपैया राखेका छौं । हरेक निर्वाचन क्षेत्रमा १ खेलमैदान कार्यक्रमलाइ निरन्तरता दिनको लागि ३ करोड २० लाख रुपैया हामीले राखेका छौं । अनाथ असाय बालबालिकाको शैक्षिक पहुँचका लागि आवासीय विद्यालय संचालन गर्नको लागि हामीले १ करोड रुपैया बजेटको विनियोजन गरेका छौं । रंगशाला स्तरउन्नतीका लागि हामीले कैलाली र कंचनपुरको १ करोड २० लाख रुपैया राखेका छौं भने युवा उद्यमी कार्यक्रम संचालन गर्न हामीले १ करोड विनियोजन गरेका छौं । गाउँघर शिक्षा कार्यक्रम मुख्यमन्त्री ज्यष्ठ नागरिक कार्यक्रम आदि संचालन गर्नको लागि हामीले यथेष्ट बजेट विनियोजन गरेका छौं । महाकाली अंचल अस्पताल आकस्मिक कक्ष एवं पूर्वाधार विकासका लागि हामीले ५ करोड रुपैया राखेका छौं भने सेती अंचल अस्पतालमा सिटीस्क्यान सहित मेसिन राख्नको लागि ८ करोड ५० लाख बजेट विनियोजन गरेका छौं । यसबाट पनि प्रदेश सरकार गम्भिर छ । प्रदेश सरकारले सामाजिक विकास मन्त्रालय मार्फतमा सेवा दिनको लागि कुनै किसिमको कमि गरेको छैन । आफ्ना प्रदेशका नागरिकको लागि उच्च शिक्षा र स्वास्थ्यमा ध्यान दिनुपर्छ भन्ने कुराको यि कार्यक्रमबाट पनि आफै पुष्टी भएको व्यहोरा म निवेदन गर्न चाहान्छु । त्यसतै भौतिक पूर्वाधार विकास मन्त्रालयमा हामीले विशेष गरेर सार्वजनिक नीजि साझेदारीमा जलविद्युत आयोजनाको लागि १५ करोड रुपैया छुट्याएका छौं र यसपाली हामी जसरी पनि प्रदेशले एउटा जलविद्युत आयोजना प्रदेश गौरवको रुपमा हामी संचालन गर्ने तयारी गरेका छौं । त्यो मोडेल कुन मोडलमा हुने भन्ने कुरा अब आगामी केही दिनभित्रै हामी निक्योल गर्छुं र प्रदेश सरकारको तर्फबाट लगानी भएर हामी यो प्रदेशमा प्रादेशिक गौरबको जलविद्युत आयोजना २० मेगावाट हुन्छ या २५ मेघावाट या ३० मेघावाट त्यो टुंगो लागिसकेको छैन तर प्रारम्भिक चरणको वार्ता जलस्रोत मन्त्रालयसँग विभिन्न चरणमा भइसकेको छ । अब केही दिनभित्र हामी तेलाइ टुङ्ग्याएर अगाडी बढाउन चाहान्छौं । त्यस्तै सोलार प्रणाली मार्फत विद्युतीकरण गर्नको लागि ३ करोड रुपैया राखिएको छ भने नियन्त्रणको लागि २८ करोड जहाँ यहाँ बाढीको समस्या छ कटानको छ खेतीपाती उर्वरा भूमिलाइ कटानगरेर जनतालाइ असहज परिस्थितिको निर्माण गरिराखेको छ । त्यसका लागि हामीले २८ करोड रुपैया बजेट विनियोजन गरेका छौं । त्यसतै सिचाइ प्रदेश यातायात संचालन गर्नको लागि १३ करोड हामीले विनियोजन गरेका छौं । गत वर्ष पनि यो कार्यक्रम राखिएको थियो । अध्ययन र यसको छलफल कै कारणले गर्दाखेरी टुंगोमा सम्बन्धित विषयगत मन्त्रालय पुग्न सकेन । तर यसपाली पक्कै पनि यो कार्यक्रम संचालन हुने कुरामा यहाहरुलाइ म विश्वास गर्न चाहान्छु । सिचाइ संरचना निर्माण तर्फ ९ वटै जिल्लामा १ अरब २७ करोड रुपैया राखिएको छ भने भूमिगत सिचाइमा १७ करोड ४९ लाख रुपैया राखिएको छ । प्रदेश राजधानीको लागि पनि त्यसको संरक्षण गर्नको लागि हामीले ५ करोड रुपैया बजेट विनियोजन गरेका छौं । त्यसतै विभिन्न सरकारी एवं सामुदायिक भवन निर्माणको लागि ११ करोड ६० लाख

रुपैया गरेका छौं । खानेपानी संरचना निर्माणका लागि ८१ करोड ८५ लाख रुपैया छ भने सडक तथा पुल निर्माण गर्नको लागि २ अरब ४९ करोड रुपैया गरेका छौं । त्यस्तै हामीले प्रादेशिक गौरबका सडकहरु निर्माण गर्नको लागि ९ वटै जिल्लामा सडक छनौट गरिसकेका छौं त्यसको लागि पनि हामीले ४२ करोड रुपैया बजेट विनियोजन गरेका छौं । यहाँ पुलपुलेसा तटबधन केही कार्यक्रमहरुले एकमुष्ट रुपमा राखेका छौं । एकमुष्ट राखेको कार्यक्रमलाइ अबको केही दिनभित्रै हामी तेलाइ Segregate गरेर सबै जिल्लामा सबै निर्वाचन क्षेत्रमा र आवश्यकता र औचित्वको आधारमा ति कार्यक्रमहरुलाइ पुस्ट्याइ गरेर हामी कार्यक्रमको चरणमा लिएर जान्छौं । अब विशेष गरेर यो विषयगत मन्त्रालयले केही कार्यक्रमहरु गर्न खोजेको छ केही कार्यक्रमहरु मैले यहाँलाइ भनें र सबै बजेट वक्तव्यको किताब र रातो किताब पल्टाएर हेर्नेहो भने फेरी धेरै समय लाग्न सक्छ । मैले केही महत्वपूर्ण कुरा केही Highlighted कुरा यहाँलाइ निवेदन गर्नको तात्पर्य के हो भने प्रदेश सरकारले आवश्यकता र औचित्वको ठाउमा र नगरि नहुनेको ठाउमा बजेट विनियोजन गर्नको लागि कुनै कन्जुसाइ गरेको छैन । यथेष्ट बजेटको व्यवस्था गरेको व्यहोरा म माननीय सभामुख मार्फत अनुरोध गर्न चाहान्छु । त्यस्तै केही प्रश्नहरु उठेका थिए । अब प्रश्न रचनात्मक रुपमा उठे जसमा सरकारले ग्रहण गरेर तेलाइ कार्यान्वयनमा लिने हो त्यो हामीले स्वीकार गर्यौं र केही कुरा यहाँ नभनि नहुनुपर्ने केही प्रश्न पनि उठेका थिए । त्यो कुरा म पुस्ट्याइ गर्ने माननीय सभामुख मार्फत अनुमति माग्न चाहान्छु । यो एउटा बजेट सन्तुलन भएन भन्ने कुराहरुमा हामीले भनिसकेका छौं । हामीले आयोजना राखेका छौं केही कमीकमजोरी छन् भने योजनाको लागि पनि बजेट छुट्याएका छौं । यो संसदको गरिमालाइ अझ उच्च गरिमा प्रदान गर्दै प्रदेश सरकारले सम्भाव्य क्षेत्र र आवश्यकताको आधारमा र असन्तुलन भएको ठाउमा बजेट विनियोजन गर्ने व्यहोरा म यहाँहरुलाइ अनुरोध गर्न चाहान्छु । त्यसको लागि मार्गप्रसस्त गरिसकेका छौं । यो कुनै पनि कानूनलाइ नबाझिएर विधि निति र प्रक्रिया पुर्याएर हामीले Space दिएका छौं । त्यो Space को मार्फत म हामी ति कार्यक्रमहरु माननीयज्यूहरुका सम्बोधन गर्छु । यहालाइ मैले विश्वास गर्न चाहान्छु । त्यस्तै ठुलो प्रश्न एउटा २१ जना समानुपातिक सांसदका मैले कुरा सुनें । एकातिर प्रत्यक्ष सांसदलाइ मात्र सांसद पूर्वाधार कार्यक्रम दिने र समानुपातिक सांसद सँग सामन्जस्य नहुने । यो सौतेलो व्यवहार भयो । भन्ने कुरा बारम्बार धेरै माननीय ज्यूहरुले यो सभामा उठाएका छन् । कतिपय अवस्थामा विधिको विधान नै यस्तो हुदो रहेछ । हामीले के सोचेका थियौ भने संघीय सरकारले यो कार्यविधिलाइ परिमार्जन गरेर ल्यायो भने हामीलाइ पनि सजिलो हुन्छ । कमसेकम एक नजिर छ बन्छ । सोचेका थियौं । म कहिले यो रोस्टममा भन्नेगर्छु । जिन्दगी सोचेजस्तो सरल हुँदैन भनेर । संघीय सरकार मार्फत त्यो भएन । हामीले पनि त्यहाँ भएन भनेर नगर्ने होइन । सरकारको तर्फबाट अर्थमन्त्रीको हैसियतले म यहाँहरुलाइ निवेदन गर्न चाहान्छु । समानुपातिक सांसदज्युहरुको मर्यादालाइ अझ सक्रिय रुपमा सहभागिता हुनेगरी कार्यविधि संशोधन गरिनेछ । यसको लागि यस प्रदेशका माननीय मुख्यमन्त्री त्रिलोचन भट्टज्यूले बारम्बार प्रतिवद्धता व्यक्त गरेको व्यहोरा म पुन स्मरण गर्न चाहान्छु र यसबारेमा म बढी बोलिरहनु पर्दैन । किनभने माननीय मुख्यमन्त्रीज्यूले भनिसकेपछि त्यो अन्तिम नै हो र माननीय मुख्यमन्त्रीज्यूको आदेश र निर्देशनमा समानुपातिक सांसदलाइ न्याय गर्ने कुरामा कुनै कमी कमजोरी र कन्जुस्याइ रहनेछैन भन्ने कुरा पुन दोहोर्याउन चाहान्छु । त्यस्तै यो प्रहरी ऐनको कुराहरु आयो र अरु अरु ऐनका कुराहरु पनि आए । प्रहरी ऐनको सन्दर्भमा संघीय सरकारबाट संविधानमै के भनिएको छ भने संघीय सरकारले प्रहरी ऐनको लागि मापदण्ड नबनाएर अगाडी नबढ्न सक्ने केही कारणले पनि ढिला भयो । कतिपय अवस्थामा संविधानले दिएका कुराहरु

प्रदेशले आफुखुशी गर्दाखेरीमा संघीय सरकार र प्रदेश सरकारको विचमा पनि समझदारी बिर्नसक्ने अवस्था देखिन्छ । त्यसैले हामी संघीयताको नविन अभ्यासमा छौं । १/२ वर्ष भो यो १/२ वर्ष संघीयता आएकोले हामी धेरै म्याचुर छौं भन्न मिल्दैन । त्यसैले गर्दाखेरी अहिले Confrontation होइन Consultation को साथमा जानुपर्ने हुन्छ । हामी एकता प्रदेशले यो कुराको थालनी नगर्न खोजेको त होइन । त्यो कुरा पनि हामीले हेरिराखेका छौं । त्यसैले जबसम्म प्रदेशमा जबसम्म मुलुकमा संघीयता Mature हुँदैन संघीयता परिपक्क रुपले अगाडी जादैन तपाइ हामी अभ्यास गर्दैन तबसम्म मलाइ लाग्छ सिक्दै अगाडी बढ्दै जानुपर्ने हुन्छ । त्यसैले हामी संघीय सरकारको मापदण्ड कुरेका छौं । अब यो आउदो साथमा यो सिघ्र रुपमा प्रहरी ऐनको पनि हामी तर्जुमा गर्दैछु र यस वर्षपनि प्रहरी सम्बन्धमा केही अध्ययन अनुसन्धान गर्ने भनेर आन्तरिक मामिला तथा कानून मन्त्रालयमा केही बजेट छुटयाइएको छ । यहाँ प्रश्न उठेका छन् भ्रष्टाचारका उठेका छन् सुशासनका उठेका छन् यहाँ गरिबि न्यूनिकरणका उठेका छन् र मुद्रस्थितिका उठेका छन् । जहासम्म भ्रष्टचारका कुरा छ म बारबार भन्ने गर्छु जुनसुकै मुलुकमा पनि ऐन कानून र नीति निर्देशन यी न्यूनतम मापदण्ड हुन् । सबभन्दा ठुलो मापदण्ड त के हुने रहेछ भने स्व नियमनमा बस्नुपर्ने रहेछ । जबसम्म हामी स्वनियमनमा बस्न सक्दैनौं । कानूनले जति छेकेवार लगाएपनि नियतै खराब भएका मान्छेहरु कतै न कतैबाट प्वाल त पार्दै रहेछन् त । त्यसैले हामी तपाइ सबै जागरुप हुनुपर्दछ । हामी तपाइसबै मायामोह र लोभबाट टाढा हुनुपर्दछ । हामी आफै अनुशासनमा बस्ने र बसाउने काममा सक्रियताका साथ अगाडी बढायौं भने ऐन कानूनको पनि खासै हामीले त्यहाँ हेरिरहनुपर्दैन । भ्रष्टाचारीलाइ कानूनको कटघारामा ल्याउनको लागि प्रदेश सरकार कटिबद्ध छ । प्रमाणसहित आओस हामीलाइ सूचना दिनुहोस कुनै किसिमको मोलमोलाहिजा नगरेर हामी त्यस किसिमका प्राकृतिक र त्यस किसिमका कार्यमा संलग्न जुन सुकै तह र तप्काका कर्मचारी होस कानूनको दायरामा ल्याएर छोड्ने प्रदेश सरकार प्रतिबद्ध छ । म माननीय सभामुख मार्फत यो गरिमामय सदनमा अनुरोध गर्न चाहान्छु । त्यसैले यो सुशासनको जिम्मा प्रदेश सरकार त छँदैछ यिनै विश्लेषणको रुपमा पहलकर्ताको रुपमा तर हामी सबै तह र तप्काको पनि छ स्थानीय तहका पदाधिकारीज्यूलाइ पनि आव्हान गर्न चाहान्छु । पत्रकार मित्रहरुलाइ पनि म आव्हान गर्न चाहान्छु नागरिक समाज लाइ पनि आव्हान गर्न चाहान्छु । यस कुराको अन्त्य हुनैपर्दछ । यदि यो भ्रष्टाचार यदि हामीले उन्मुलन गर्न सकेनौं भने समाज उन्नत किसिमले माथि जान सक्दैनन् र सुशासनको अनुभुति पनि गर्न सक्दैनन् । यो सबै हामी सबैको साझा दायित्व भएका कारणले गर्दाखेरी आफ्नो क्षेत्रबाट आफ्नो तर्फबाट यथेष्ट तरिकाले लागिपरेर यसको उन्मुलनको लागि हामी सबैसँगै हिडौं र यसको उन्मुलन गरौं र म यहाँ माननीय सभामुख मार्फत अनुरोध गर्न चाहान्छु । त्यसतै गरिबी न्यूनिकरणका कार्यक्रम मैले भनिसकेँ कृषि तथा भूमि व्यवस्था मन्त्रालय मार्फत पनि आइसकेको छ । सामाजिक विकास मन्त्रालय मार्फत आइसकेको छ । त्यसतै वन मन्त्रालय मार्फत पनि आइसकेको छ ति कुरा उथेष्ट गरिबी निवारणको लागि यस बजेटले विनियोजन गरेको व्यहोरा म पुन अनुरोध गर्न चाहान्छु । उत्पादन नबढ्ने र मुद्रास्थितिको कुराहरु छ  जहासम्म प्रदेश सरकारको हातमा धेरै क्षेत्राधिकार छैन । यो हामी सबैलाइ थाहा छ । धेरै ऐनकानूनहरु संघीय सरकारबाट चलेका र धेरै आयात निर्यात हुने वस्तुहरु पनि संघीय सरकार मार्फत रहेका र संघीयताको नविन अभ्यास भएको कारणले गर्दाखेरी सायद संघीय सरकारले पूर्णरुपले अस्तान्तरण नगरेको होला । तैपनि प्रदेश सरकारले आयातलाइ प्रतिस्थापन गर्ने निर्याततलाइ प्रोत्साहन गर्ने कृषिमा आत्मनिर्भर हुने उद्योग व्यवसाय लघुउद्योग व्यवसायलाइ हामीले विउपूजीको रुपमा हामीले तालिम प्रदान गरी र न्यून व्याजदरमा रुपैया

प्रदान गरी यो क्षेत्रमा हामीले यो क्षेत्रमा औद्योगिकरण गर्न चाहेको छ । यो औद्योगिक क्षेत्रको सन्दर्भमा संघीय सरकारले सम्बोधन गरिसकेको छ र अन्य क्षेत्रको सम्बन्धमा केही दिनपछि हामी संघीय सरकारसँग कुरा गर्छौ र यसको लागि एउटा ऐन पनि आउदैछ । एउटा औद्योगिक विकास ऐन पनि पारित भइसकेको छ । निर्यातजन्य उद्योगलाइ के के छुट दिने करका छुटहरु के दिने जग्गा लिजलाइ कतिवर्षको लागि कति रुपैयामा दिने यि सबै कुराको व्यवस्था त्यो औद्योगिक व्यवासय ऐन २०७६ मा भइसकेको कारणले गर्दाखेरीमा अब प्रदेश सरकारले नियमावली बनाएर त्यसलाइ कार्यान्वयनमा लैजान्छ र आर्थिक वर्ष २०७६/७७ मा हामी पक्कै यो निर्यातजन्य उद्योग र उद्योग स्थापनाका लागि आवश्यक गृहकार्य गरेर कार्यान्वयनको अवस्थामा जान्छु र त्यसको लागि हामीले आवश्यक बजेट विनियोजन गरेका छौं । त्यसतै यहाँ एउटा प्रश्न सोधिएको थियो । स्थानीय तहलाइ ५० करोड रुपैया राख्ने कुरा सोधिएको थियो । तेले गर्दा भ्रष्टाचार बढ्छ स्थानीय तहमा या आफुखुशी तपाइ वितरण गर्नुहुन्छ तपाइ भनेर भन्ने कुरा पनि आएको थियो । मैले प्रश्न नोट गरेको थिएँ । त्यै नोटको आधारमा मैले त्यो पढैं पढ्दाखेरीमा त्यहाँ स्पष्ट व्यवस्था के रहेछ भने स्थानीय तह आफैले पहिचान गरी आफ्नो क्षेत्रमा संचालन गर्ने पूर्वाधार विकासका आयोजनाहरुको लागि १ अरब सम्पुरक अनुदान छुट्याएको छ । स्थानीय तहबाट प्रदेश सम्पुरक अनुदान सम्बन्धी कार्यविधि २०७५ ले निर्धारण गरेको आधार तथा प्रकृया बमोजिम माग भइआउने कार्यक्रममा ४० प्रतिशत अनुदान उपलब्ध गराइनेछ । त्यसैगरी प्रदेश विशेष अनुदान सम्बन्धी कार्यविधि २०७५ बमोजिम स्थानीय तहलाइ विशिष्ट प्रकृति कार्य गर्नको लागि विशेष अनुदान उपलब्ध गराउन ५० करोड उपलब्ध गराउन विनियोजन गरेकोछु भन्ने यो शब्द त्यहाँ छ । संघीय सरकारले प्रदेश सरकारलाइ सम्पुरक अनुदान र विशेष अनुदान दिन्छ । यो संवैधानिक र कानूनी व्यवस्था छ र प्रदेश सरकारले स्थानीय तहलाइ दिदापनि यो कानूनी र संवैधानिक व्यवस्था रहेको छ । विगत यो आर्थिक वर्ष २०७५/०७६ मा पनि हामीले प्रदान गरेका छौं । मन्त्रिपरिषदबाट सम्पुरक अनुदान र विशेष अनुदान कार्यविधि स्वीकृत भइ लागु भइसकेको छ र सोही अनुरुप हामीले अनुदान दिएका छौं । र यले गर्दाखेरीमा भ्रष्टाचार मौलाउने होइन कि यले गर्दाखेरी स्थानीय तहको अधिकार अझै बढ्छ स्थानीय तहमा वित्तीय स्रोतको उपलब्धता हुनगइ अझै कार्यक्रममा प्रभावकारिता आउछ । अझै गरिबि निवारणमा मदत पुग्छ । अझै बाटाघाटा पुलपुलेसाहरु अगाडी बढ्छन् । त्यसको तात्पर्य के हो भने सम्पुरक अनुदानमा कुल शिर्षकको अथवा कार्यक्रमको ६० प्रतिशत स्थानीय तहले व्यहोर्ने र ४० प्रतिशत हामीले व्यहोर्ने । विशेष अनुदानमा सम्पूर्ण रकम हामीले व्यहोर्ने । यो कानूनि प्रावधान भएको कारणले गर्दाखेरीमा त्यसले यो आफुखुशी विनियोजन नगरेर कार्यविधि मार्फत विनियोजन हुने र कानूनी व्यवस्था भएको कारणले गर्दाखेरीमा यस तर्फ सरकारको ध्यानाकर्षण भएको छ र यो कुनै किसिमले कार्यकर्तालाइ पाल्नपोष्न या बाढ्नको लागि ल्याएको होइन । कानूनी व्यवस्थाअनुसार ल्याएको व्यहोरा म माननीय सभामुख मार्फत यो गरिमामय सभामा अनुरोध गर्न चाहान्छु । त्यसतै कतिपय अवस्थामा माननीय सांसदज्यूहरुले भन्नुभो जिल्लामा बजेट राम्रो आयो निर्वाचन क्षेत्रमा आएन । कतिपय सांसदज्यूले भन्नुभो निर्वाचन क्षेत्रमा त बजेट राम्रो आयो तर स्थानीय तह अनुसार आएन । कतिपय सांसदज्यूले के भन्नु भो भने स्थानीय तह निर्वाचन क्षेत्र जिल्ला त आयो तर वडा तह पनि आएन भुगोल तर्फ पनि आएन । अब गतवर्ष हामीले जिल्ला अनुसार आएन भन्यौं यसपालि कमसेकम जिल्लातहमा त आयो अथवा निर्वाचन तहमा त आयो आशा गरु भविष्यको गर्भमा धेरै कुरा लुकेका हुन्छन् । आगामी दिनहरु सुनौला हुन्छन् र आगामी दिनहरु क्रमैसँग सबैलाइ समानुपातिक र सन्तुलित हुने समावेशिता तर्फ उन्मुख हुँदै सबैको चित्त बुझ्नेगरिकन बजेट

विनियोजन हुन्छ र यसता किसिमका प्रश्न आपसेआप ओझेलमा पर्छन भन्ने म यहाँहरुलाइ निवेदन गर्न चाहान्छु । फेरी केही उठेका जिज्ञासा तर्फ मेरो ध्यानाकर्षण भएको छ । मैले केही नोट गरेको छु र यसमा भौतिक बाहेक सबै मन्त्रालयको बजेट डल्लै प्रकृतिको छ त्यसको बारेमा तपाइहरुको सन्तुलन कायम हुनुपर्छ भन्ने कुरा आएको छ । निसन्देह माननीय सभामुख मार्फत अनुरोध गर्न चाहान्छु वारबार हामी असन्तुलित जो भन्ने शब्द छ प्रदेश सभाको Dictionary मा र माननीय सांसदज्यूहरुको मुखबाट यो असन्तुलित शब्द अब Dictionary बाट नै हटाउन चाहान्छु । प्रदेश सरकार गम्भिर छ । यो शब्द Dictionary बाट नै हट्यो भने मलाइ लाग्छ न्याय अन्याय प्रक्ष प्रतिपक्ष सन्तुलन असन्तुलन यो कुनै पनि काम हुँदैनन् । मैले भनिसके हामी संघीयताको नविन अभ्यासमा छौं । काम गर्दै जाने शिलशिलामा सिक्दै बुझ्दै छौं । संघीय सरकारले त बजेट ल्याउदा ल्याउदा ६९ वर्ष भइसक्यो । संघीय सरकारले त सुधार गर्ने बाटो धेरै छ । विकसित मुलुकले त डेड सय दुइसय भन्दा बढी भइसक्यो । वाहापनि सिक्नेबाटो त अझै पनि बाकी छ । यो त बल्ल हामीले १/३ महिनाको बजेट ल्याएर आयौं । त्यो बजेट होइन अनुसन्धान अध्ययनको लागि ल्याएका थियौं । अब २०७५/७६ को बजेट कार्यान्वयनको चरणमा ल्याइराखेका छौं । यो आर्थिक वर्ष अन्त्य भएपछि अब त्यसको परिणाम पनि आउछ । २०७६/७७ मा धेरै परिष्कृत र परिमार्जित र संशोधित र सन्तुलन भएर आएको छ तर बजेट तैपनि सबैको चित्त बुझ्नेखालको आउदैन । आएको छ यसमा कमि कमजोरीलाइ सुधार गरेर सरकार अघि जान्छौं यसमा सरकार गम्भिर छ । त्यसतै अब सुशासन ऐनको पालना भएन भन्ने प्रश्न पनि उठेका थिए । यहाँ मैले भन्दाखेरीमा केही अतिशक्ति होला फेरी पनि मैले केही कुराहरु भन्नै पर्छ सुशासन ऐनको सन्दर्भमा । सुशासन ऐनमा माननीय सांसदज्यूहरुलाइ सिफारिस गर्ने बुद्धिजिवि जमादलाइ सिफारिस गर्ने स्थानीय तहलाइ सिफारिस गर्ने त्यहाँ प्रावधान पनि छ । त्यो प्रावधानबाट नै आएका हुन् भन्ने कुरा हाम्रो बुझाइ छ । यदि त्यसभन्दा बाहेक बिधि प्रक्रिया अबलम्बन नगरी आएका माननीय सांसदज्यूहरुले भनेजस्तै चलखेल र अन्य अन्य कारणले आएका छन् भनेपछि प्रदेश सरकार गम्भिर छ त्यसता योजना कार्यान्वयनमा लिने कि नलिने भन्ने कुरा प्रदेश सरकारको क्षेत्राधिकार भित्र रहन्छ र आवश्यकता अनुसार छानविन समिति गठन गरेर पनि हामी कारबाहीको प्रक्रिया अगाडी बढाउछु यसमा तपाइहरु विश्वस्थ रहनुस र त्यसको लागि केही समय लाग्न सक्छ । यदि यो साँच्चै गलब नियत र प्रबृत्तिले आएका हुन् भने त्यसमा कुनै मोलाहिजा र कुनै किसिमको हामीले लचिलोपन नअपनाएर ति योजनालाइ र ति योजना ल्याउने मान्छेलाइ कानूनको दायरामा ल्याउछु र त्यस किसिमको आयोजना आवश्यकता छैन भने हामी कार्यान्वयनको चरणमानै लादैनौं । त्यसको लागि म माननीय सभामुख मार्फत प्रदेश सभामा निवेदन गर्न चाहान्छु । अब महिलाको लागि केही भएन भन्ने उठेका थिए । धेरै कुराहरु महिलाको बारेमा आइसकेको व्यहोरा म पुन दोहोर्याउन चाहादैन । त्यसतै निर्यातको कुरा छ जनताको आर्थिक स्तर सुध्रेन भन्ने कुराहरु आएको छ । मैले भनिसके ६८ वर्षको इतिहासमा बजेट ल्याउदा ल्याउदै हामी अहिले यो स्थितिमा आइपगेका छौं । प्रदेश सरकारले त १ वर्षको मात्र पुर्णकालिन र यो अर्को वर्षको बजेट कार्यान्वयनको चरणमै गएको छैन । १/२ वर्षमै यदि समाज आर्थिक रुपान्तरणमा परिवर्तन हुनेहो भने त धेरै ठुलो मेहेनत गर्नु कसले पर्दैन हामी लागिपरेका छौं । हामी चाहान्छु समयले अलिकति त लेता टाइम तर गरेरै छाड्छु भन्ने प्रदेश सरकारसँग दृढ संकल्पित इच्छा शक्ति रहेको छ । आगामी दिनमा यो प्रदेशका इच्छा आकांक्षा जनताका । यहाँका विकासका खाका र यो प्रदेशलाइ समुन्नतमा लिने कुराहरुमा कुनै सम्झौता गरिने छैन । प्रदेश सरकार गम्भिर भएर लागिपर्ने व्यहोरा म निवेदन गर्न चाहान्छु । त्यसतै जग्गा नापीको कुराहरु

आएको छ । नापीको सन्दर्भमा हाम्रो कृषि तथा भूमि मन्त्रालयले संघीय सरकारसँग समन्वय गरिराखेको छ । केही प्राविधिक कठिनाइहरु छन् । संघीय सरकारसँग ति कठिनाइहरुलाइ हामी समाधान गर्नको लागि भनिरहाखेका छौं र त्यो समाधान हुनासाथ यो हल भएर जान्छ भन्ने कुरा माननीय सभामुख मार्फत भन्न चाहान्छु । चालु खर्च पूजिगत खर्च वित्तिय व्यवस्थापन र अन्तसरकारी वित्तिय व्यवस्थापनका कुराहरु पनि आए । यो जो प्रतिशत त्यसमा देखाइएको छ । यो नेपाल सरकार अथवा संघीय सरकारले गणना गर्ने विधिअनुसार नै यो बजेटमा यो विधि प्रयोग भएको हो । यदि यो प्रदेश सभाका  माननीय सांसदज्यूहरुले यो Formula यो विधि यो प्रकृया ठिकै छैन भन्ने छलफल गरु आगामी दिनमा । अब यो बजेटमा त हुँदैन । तर हामीले अझ भन्ने हो भने अन्तराष्ट्रिय मुद्राकोष एसियालि विकास वैंक र विश्व वेंकसँग कुरागर्दाखेरीमा उनिहरु पनि अहिलेसम्म Convince हुन सकेका छैन । कतिपय विकासशील मुलुकहरुमा यो खर्चलाइ यो पुजिगत खर्च पनि मान्ने गर्याछ वित्तीय व्यवस्थापन खर्चहरुलाइ । किनभने त्यो पनि ऋृण लिएर त्यहाँ दिएको हुन्छ र ऋृण लिएको रकम माथि पूर्वाधार विकासको कार्यक्रममा पनि खर्च भएको हुन्छ । यो अलिकता अन्तराष्ट्रिय मान्यतासँग पनि यो कुराहरु बाँझिएको हुदाखेरी मा यो अब Practice संघीय सरकार अनुसार नै गरेका हौ । मलाइ लाग्छ संघीय सरकार र यहाँको ऐन कानूनले दिएको प्रचलित मुल्य र मान्यता अनुरुप यो प्रतिशत ठीक छ भन्ने कुरा म माननीय सभामुख मार्फत निवेदन गर्न चाहान्छु । त्यसतै समानिकरण अनुदान किन कम आयो भन्ने प्रश्न पनि उठ्यो । हाम्रो कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेशको पनि उदाहरण लिइयो । विशेष गरेर पछाडी परेको प्रदेशको हकमा कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेशको हकको  तपाइको तुलनात्मक गणना हुन्छ । तर आर्थिक गतिविधिको तुलनामा गण्डकी प्रदेश र सुदूरपश्चिम प्रदेशको तुलना हुन्छ कर्णालीसँग हुँदैन । अब समानिकरण अनुदान र राजश्व बाडफाडको एउटा फर्मुला छ । त्यो फर्मुला जनसंख्या कति भूगोल कति बहुआयामिक गरिबिको संख्या कति यो सबै फर्मुला छ त्यो फर्मुलाको आधारमा वित्त आयोगले तय गर्ने कुरा हो । यहाँ कसैलाइ ज्यादा र कसैलाइ कम हुँदैन । तर अब के भन्न सकिन्छ भने जो आन्तरिक डिउटीबाट १५ प्रतिशत र भ्याटबाट आएको १५ प्रतिशतले मात्रै सातवटा प्रदेशलाइ त्यो रकम अनुदानको रुपमा उपलब्ध  गराएको छ हामीलाइ ४० प्रतिशत किन नमाग्ने । हामीले ६० प्रतिशत कि नमाग्ने त्यो कुरामा बहस गर्नु जरुरी छ र अहिलेको अनुरुपमा यो वित्त आयोगले गरेको फर्मुला अनुसार आउने गरेकाले यसमा बढी टिप्पणी गर्न सकिदैन । बित्त आयोग संवैधानिक आयोग भएका कारणले गर्दाखेरीमा उसको क्षेत्राधिकार भित्र आएर यो कुराको पुष्टयाइ भएर यसरी नै आउछ । अब अर्को कुरा अहिले संघीय सरकारले के भनेको छ भने ९ प्रतिशत राजश्व घट्न सक्छ है भनेर । यै २०७५/७६ को आर्थिक वर्षको राजश्वहो गतवर्ष आकलन गरेकोभन्दा ९ प्रतिशत घट्छ है भनेर भनिराछ । यदि ९ प्रतिशत राजश्व घट्नेहो भने त्यता त्यो मारमा सातैवटा प्रदेश पनि पर्दछन् र सबै प्रदेशको बजेट सन्कुचित हुन्छ अझै तल्तिर आएर झर्छ । हामीले त्यो आधारले पनि बजेट आकार तय गरेका हौं । एकातिर बजेटको आकार घट्ने अर्कोतिर आफ्नो क्षेत्राधिकार भित्रको राजश्व नबढ्ने अर्कोतिर ससर्त अनुदान ६५ अरबबाट ४२ अरबमा राख्ने अनि बजेटको आकार कसरी बढाउने । त्यसैले असार ३२ गतेकोदिन अथवा श्रावण १ गतेको दिन मात्रै कति प्रतिशत राजश्व घट्छ भन्ने कुराको पुष्टयाइ हुन्छ या बढ्छ भन्ने कुराको पुष्टयाइ हुन्छ । संघीय सरकाको संशोधित अनुमानमा यति घट्छ भन्ने कुराहरु वाहाहरुले लेखेको छ त्यो कुरा हो भने हामीलाइ यसपाली हाम्रो राजश्व पनि घट्छ । यो कुरा मैले माननीय सभामुख मार्फत निवेदन गरें । त्यसतै वेसलाइन मल्टिइन्डिकेटर सर्भे र प्रोभिन्स पोफाइलका कुराहरु आयो । वेसलाइन मल्टिइन्डिकेटर सर्भे संघीय

सरकारले मात्रै गर्दै आएको । उले गर्दाखेरी ८ देखी ९ करोड रुपैया खर्च गर्छ । जबकी उसको संयन्त्र छ । सबै जिल्लामा उसका कार्यालयहरु छन् । सबैबाट यसलाइ तथ्यांक आउछ । त्यसको बावजुत पनि ८ देखी ९ करोड रुपैयाँ खर्च हुने गरेको छ । हामीले आवधिक प्लान पनि बनाउनुपर्ने र आवधिक प्लान बनाउदाखेरीमा हाम्रो स्टाटस के छ त हाम्रो तथ्यांक के छ गरिबिमा कहाँ छौं । बहुआयामिक गरिबिमा कहाँ छौं मानव विकास सुचकांकमा कहाँ छौं । शिक्षा स्वास्थ्य खानेपानीमा कहाँ छौं र हामीलाइ एउटा Appropriate Level मा जानको लागि कति रुपैया आवश्यकता पर्दछ भन्नको लागि हामीले अन्तराष्ट्रियस्तरको यो बेशलाइन Multi Indicator Survey गराएर त्यसपछि मात्रै आवधिक प्लान बनाएर कार्यान्वयनमा ल्याउने भनेर बेशलाइन Multi Indicator Survey गरेका हौं र यो अझ भन्ने हो भने नेपालमा केन्द्रीय तथ्यांक विभाग अरु कसैले पनि गर्दैन यो सम्बन्धमा मैले काठमाडौमा गएर अन्तराष्ट्रिय मुद्रा कोष र विश्व वैंकका चिफहरुसँग पनि मैले कुरा गरें । यहाँ Country Head पनि बस्नुहुन्छ विश्व वैंकहो । वाहासँग पनि कुराकानी गरें । वाहाले भन्नुभो यो कुनै पनि प्रदेशले अहिले गर्याछैन मलाइत अचम्म लाग्यो कि तपाइले यति लेबलबाट जानेहो भने पक्कै पनि तपाइको योजना Periodical Plan धेरै राम्रो बन्छ र तपाइ यो गर्नुहोस हामी तपाइलाइ Support गर्छौं भन्नुभो र यो नगरिकन कुनै पनि आवधिक प्लानहरु र बजेटहरु परिणाममुखी बन्दैन । कुनै प्रदेशले पनि यो काम गरेको छैन र अरु प्रदेशले त अझ आवधिक प्लानको कन्सेप्ट पेपर तयार गरिसकेको छ तर यो बेशलाइन Multi Indicator Survey गरेको छैन । हामी तथ्यांकको आधारमा यथार्थपरकको आधारमा के छ सत्यको आधारमा हामी अगाढी बढ्न चाहान्छु त्यसको लागि राखेको हो । यो त साडेचार करोड रुपैया हामीले टेण्डर आव्हान गर्दाखेरी २ करोड आउला डेडकरोड आउला कोही ३ करोड आउला ४ करोड आउला यो राखेको रकम हो यो । यसमा त दुइ मत छैन यो पैसा सबै खर्च गर्नै पर्छ भनेर । यो सरकार लागेको पनि छैन कि यो पैसा खर्च गर्नुपर्यो भनेर । यो त Competitive Advantage दिनेहो । यो त इबिडिङ मार्फत जानेहो यो २ करोडमा पनि हुनसक्छ डेड करोडमा पनि हुनसक्छ ३ करोडमा पनि हुनसक्छ । त्यसैले मैले माननीय सभामुख मार्फत मैले अनुरोध गरें । त्यसतै प्रोभिन्स प्रोफाइलको कुरा पनि आयो । जब Multi Indicator Survey छ भने प्रोभिन्स प्रोफाइल किन जब हामीले लगानी सम्मेलन गर्छौं भने लगानी सम्मेलन गर्नुभन्दा अगाडी प्रोभिन्स प्रोफाइल आउनुपर्थ्यो भन्ने कुरा पनि आए । यो पक्कै पनि यो लगानी सम्मेलन गर्नको लागि हामीले प्रोभिन्स प्रोफाइल लिएका हौं । बेशलाइन Multi Indicator Survey र प्रोभिन्स प्रोफाइलको प्रकृति र Category अलगै हुन्छ । यो कमसेकम ८ देखी ९ महिनाभन्दा तल हुँदैन । यदि Fast Track मा गएपनि बेशलाइन Multi Indicator Survey तर यो प्रोभिन्स प्रोफाइल हामी ३ महिना भित्र सिध्याउन सक्छौं । त्यसले गर्दाखेरीमा यसको बेशलाइन Multi Indicator Surveyमा धेरै एभिडयान्सहरु चाहिन्छन् धेरै Technology प्रयोग गर्नुपर्छ । राष्ट्रिय योजना आयोग अर्थ मन्त्रालय र तथ्यांक विभागले हामीलाइ सहयोग गरिराखेको छ र हामीले अन्तराष्ट्रिय नियोगलाइ पनि सहयोग मागिराखेका छौं । यो प्रदेशको अब हुने पहिलो पंचवर्षीय योजना नमुनाको रुपमा बन्नुपर्छ र यहाँका जनताले आर्थिक न्यायमा समावेश गर्न पाउनुपर्छ भन्ने आधारले हामीले Detailly गएर यो बेशलाइन Multi Indicator Survey गर्न गइराखेका छौं । यो प्रोभिन्स प्रोफाइल नगरिकन लगानी सम्मेलन गर्न नसकिने भएको कारणले गर्दाखेरी यो गरेका हौं । २/३ चोटी सूचना निकाल्दाखेरीमा यहाँ कस्तो प्रकृतिको हुँदोरहेछ भने इबिडिङ गर्दाखेरीमा इबिडिङको च्यानल संघीय सरकारसँग या एउटा Sentence पनि नगर्ने दुइ चोटी सूचना प्रकाशन गरिसक्यो । अनि त्यो सफ्टवेयरनै काम नलाग्ने त्यो त्यहाँबाट तपाइको Proposal हालेका मान्छे नआउने तर

यसपालित ११/१२ जना जति आइसकेका छन् । मलाइ लाग्छ इबिडिङ मार्फत नै हामीले गरेका छौं । र यो प्रोभिन्स प्रोफाइलको काम पनि हामी ३ महिनामा अब यलाइ समाप्त गर्छौं र त्यसपश्चात हामी लगानी सम्मेलन गर्छौं । यो दुइटा बेशलाइन Multi Indicator Survey र प्रोभिन्स प्रोफाइल आ-आफ्नो प्रकृतिको भएको कारणले गर्दाखेरी गर्न आवश्यक छ र अन्य प्रदेशमा त अझै जब बजेट आउछ बजेट नआउनुभन्दा १ महिना अगाडी नै गर्ने गरेको छ प्रोभिन्स प्रोफाइल त प्रत्येक वर्ष गरेको छ । यो नीतिगत व्यवस्था पनि छ । अझै भन्नेहो भने गाउँपालिका र नगरपालिकाले प्रोभिन्स प्रोफाइल गर्नका लागि ५० लाख रुपैया राखेका छन् । कसैले ६० लाख राखेका छन् । कसैले ३५ लाख राखेका छन् । हामीले त ८८ वटा स्थानीय तह ९ वटा जिल्लाको प्रोफाइल गर्नको लागि खाली ५० लाख मात्रै राखेका छौं । त्यो पनि कम्पिटेटिभ बिडिङमा जाने हो । त्यो ५० को ५० होइन २५ पनि हुनसक्छ ३० पनि हुनसक्छ ४० पनि हुनसक्छ । त्यसैले सुशासन पार्दर्शिता मितव्ययीता र आर्थिक अनुशासनका कुराहरुमा हामी उच्च लेभरमा छु भन्ने कुरा म माननीय सभामुख मार्फत निवेदन गर्न चाहान्छु । अब यो विभिन्न आयोजनामा भौतिक पूर्वाधार मन्त्रालयमा ठुलो रकमको मौजात छ भन्ने कुराहरु छ । यो हामीले प्रोजेक्ट वैंक केही ....................................................... .............. ............ आयोजनाहरु र केही अरु मर्मत सम्भारका लागि राखेका हौं र अहिले जहाँ कम परेको छ त्यहाँ सन्तुलनको लागि पनि यसैले नै काम गर्नेहो र यसैमा केही कम भएको अवस्थामा अर्थविविधबाट पनि खर्च गरेर बजेटलाइ सन्तुलित गर्ने यथेष्ट प्रयास गरिराखेका छौं । यो पारदर्शी रुपमा भएर अगाडी आउछ र यहाँहरुलाइ विश्वास तुल्याउन चाहान्छु माननीय सभामुख मार्फत मन्त्रालयले निस्कासन गर्ने मन्त्रालयको आफ्नो कार्यक्रम पुस्तिकामा सबै कुराहरु आगामी दिनमा पुष्ट्याइ भइजाने व्यहोरा म निवेदन गर्न चाहान्छु । अब यो प्रत्येक जिल्लामा सुदूरपश्चिम प्रदेश सरकारको एउटा कार्यालय हुनुपर्छ भन्ने कुरा पनि आएको छ । लोकसेवा ऐन यहाँ Parliament मा विचाराधिन अवस्थामा छ । यो पास भएर जानेसाथमा हामीले यसलाइ कसरी अगाडी बढाउने भन्ने कुरा पुन छलफल गरेर अगाडी बढ्छु र प्रदेश सरकारको उपस्थिति हुनेगरी मझजुदी हुनेगरी र सेवाग्राहीलाइ सेवादिनेगरी हामी कार्यालय स्थापना गर्नमा एउटा नीतिगत व्यवस्था गर्छु र सम्भव भए हामी ती कार्यालय जिल्लामा खोल्नको लागि कुनै कसर बाँकी राख्ने छैनौं र त्यसको लागि आवश्यक व्यवस्था लोकसेवा आयोगको लागि गरिसकेका छौं । विशेष गरेर उठान प्रश्नहरुको मैले जवाफ दिएँ । अझ पुन अन्तमा भन्न चाहान्छु सिकाइ भोगाइबाट मान्छे परिपक्कता बन्ने रहेछ । नयाँ संघीयताको अभ्यासले गर्दाहोला हामीले पनि स्वभाविक रुपमा गन्तव्यतिर जान खोजेको तर अलिकता दायाँ बाँया भयौं कि भन्नेकुराहरु तपाइहरुको सुझावलाइ मनन गरी हामी यो प्रदेशलाइ आर्थिक न्याय र सामाजिक रुपान्तरणमा अगाडी बढाउन चाहान्छौं । माननीय सांसदज्यूहरुले दिएका अमुल्य सुझावहरुका लागि म हार्दिक आभार व्यक्त गर्न चाहान्छु आगामी दिनमा आउने बजेट अझै परिस्कृत परिमार्जित र नया उचाइलाइ छुदै असन्तुलन भन्ने शब्द Dictionary बाट हटाउदै आउनेछ भन्ने व्यहोरा माननीय सभामुख मार्फत गरिमामय सभामा अनुरोध गर्न चाहान्छु । आगामी दिन हामी सबैका लागि सुनौला हुनेछन् । विकासमा हामीले नीतिगत रुपमा विवाद भएतापनि विकासमा हाम्रा विवाद हुनुहुदैन । यो प्रदेशको भोकमरी यो प्रदेशको बेरोजगारी यो प्रदेशमा भएका छुवाछुतका व्यवस्था हटाउनको लागि यसलाइ आर्थिक सामाजिक व्यायमा ल्याउनका लागि र प्रदेशका सबै जनताका लागि सुसम्पन्न नागरिक सार्वभौम नागरिक बनाउनका लागि हामी सबैले एक्यवद्धता जारी गर्नुपर्ने हुन्छ । हामी सबै एकै ठाउमा आयौं भने पक्कै पनि ति दिन टाढा छैनन् । हामी हाम्रो गन्तव्यतिर अवस्य पुग्नेछौं । म विशेष गरिकन यो मुलुककै चौथो अंग पत्रकार

मित्रहरुलाइ पनि हाम्रा कुराहरु जनतामाझ सम्प्रेसण गर्ने तपाइहरुले जो गर्नुभएकोमा हार्दिक आभार व्यक्त गर्न चाहान्छु र पुन अनुरोध पनि के गर्न चाहान्छु भने रचनात्मक कुराबाट यहाँहरु प्रारम्भ गर्नुहोला र रचनात्मक कुराले केहील्याउछ र भएका कुरात गर्नै पर्छ त्यसैले तपाइहरुको भूमिका अहम छ र तपाइहरुको भूमिकालाइ हामीले उच्च सम्मान गर्न चाहान्छु । अब धेरै समय नबोलेर माननीय सांसदज्यूहरुबाट आएका सुझावलाइ ग्रहण गर्दै बजेट सन्तुलित र बजेटमा सबै सांसदको अपनत्व हुने बजेटलाइ हामी नयाँ तरिकाले प्रस्तुत गर्ने नयाँ कार्यक्रम समावेश गर्ने आयोजना वैंक मार्फत र तपाइहरुका भावनालाइ चोट नपुग्नेगरी बजेटमा कार्यक्रम समावेश गर्ने कुरा माननीय सभामुख मार्फत अनुरोध गर्दै म मेरा भनाइ यही अन्त गर्ने अनुमति चाहान्छु धन्यवाद ।

*(जवाफ दिइसके पछि)*

**३. माननीय सदस्यहरू,**

अब, **सुदूरपश्चिम** प्रदेश सरकारको आ.ब. २०७६/०७७ को राजस्व र व्ययको अनुमान (बजेट) तथा उक्त बजेटसँग सम्बन्धित **सुदूरपश्चिम** प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वय गर्न बनेको विधेयक, २०७६ माथिको कार्बाही प्रारम्भ हुन्छ ।

**४. माननीय सदस्यहरू,**

अब, म **सुदूरपश्चिम** प्रदेश सरकारका तर्फबाट आर्थिक मामिला तथा योजना मन्त्री माननीय झपट बहादुर बोहराद्वारा प्रस्तुत भएको आ.ब. २०७६/०७७ को राजश्व र व्ययको अनुमान (बजेट) र उक्त बजेटसँग सम्बन्धित **सुदूरपश्चिम प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वय गर्न बनेको विधेयक, २०७६** को दफा २ देखि १४ सम्मका दफाहरू र सो सँग सम्बन्धित उपदफाहरू र अनुसूची १ देखि ६ सम्मका अनुसूचीहरू विधेयकको अंग बनोस भनि निर्णयार्थ प्रस्तुत गर्दछु ।

प्रस्तावको पक्षमा हुने मा० सदस्यले "हुन्छ" भन्नु होला र प्रस्तावको विपक्षमा हुने मा० सदस्यहरुले "हुन्न" भन्नु होला ।

प्रस्तावको पक्षमा हुने मा. सदस्यहरु "हुन्छ" भन्नुहोस

("हुन्छ" भनिसके पछि)

प्रस्तावको विपक्षमा हुने मा. सदस्यहरु "हुन्न" भन्नुहोस

("हुन्न" भनिसके पछि)

("हुन्न" भन्ने अवाज नसुनिए)

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ **सुदूरपश्चिम प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वय गर्न बनेको विधेयक, २०७६** को दफा २ देखि १४ सम्मका दफाहरू र सो सँग सम्बन्धित उपदफाहरू र अनुसूची १ देखि ६ सम्मका अनुसूचीहरू सर्वसम्मतीले विधेयकको अंग बनेको घोषणा गर्दछु ।

("हुन्न" भन्ने आवाज सुनिएमा)

"हुन्न" भन्ने माननीय सदस्यहरू भन्दा "हुन्छ" भन्ने माननिय सदस्यहरूको संख्या बढी भएकोले उपरोक्त **सुदूरपश्चिम प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वय गर्न बनेको विधेयक, २०७६ को** दफा २ देखि १४ सम्मका दफाहरू र सो सँग सम्बन्धित उपदफाहरू र अनुसूची १ देखि ६ सम्मका अनुसूचीहरू बहुमतले विधेयकको अंग बनेको घोषणा गर्दछु ।

**५. माननीय सदस्यहरू,**

अब म, विधेयकको प्रस्तावना र नाम पढेर सुनाउछु ।

**प्रस्तावनाः-** प्रदेश सरकारको आर्थिक वर्ष २०७६/०७७ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त राजस्व संकलन गर्ने, कर घटाउने बढाउने तथा छुट दिने सम्वन्धमा कानूनी व्यवस्था गर्न बाञ्छनीय भएकोले, **सुदूरपश्चिम,** प्रदेश सभाले यो ऐन बनाएको छ ।

**संक्षिप्त नाम र प्रारम्भः-** (१) यस ऐनको नाम "आर्थिक ऐन, २०७६" रहेको छ ।

(२) यो ऐन, २०७६ साल साउन १ गते देखि **सुदूरपश्चिम** प्रदेशभर लागू हुने छ ।

**६. माननीय सदस्यहरू,**

अब म बिधेयकको प्रस्तावना र नाम **सुदूरपश्चिम प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वय गर्न बनेको विधेयक, २०७६** को अङ्ग बनोस भनी निर्णयार्थ प्रस्तुत गर्दछु ।

प्रस्तावको पक्षमा हुने मा० सदस्यहरुले "हुन्छ" भन्नु होला र प्रस्तावको विपक्षमा हुने मा. सदस्यहरुले "हुन्न" भन्नु होला ।

प्रस्तावको पक्षमा हुने मा० सदस्यहरु "हुन्छ" भन्नुहोस ।

("हुन्छ" भनिसके पछि )

प्रस्तावको विपक्षमा हुने मा. सदस्यहरु "हुन्न" भन्नुहोस ।

( "हुन्न" भनिसके पछि)

("हुन्न" भन्ने अवाज नसुनिए)

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ उपरोक्त प्रस्तावना र नाम सर्वसम्मतिले बिधेयकको अङ्ग बनेको घोषणा गर्दछु ।

("हुन्न" भन्ने आवाज सुनिएमा)

"हुन्न" भन्ने माननीय सदस्यहरू भन्दा "हुन्छ" भन्ने माननिय सदस्यहरूको संख्या बढी भएकोले उपरोक्त प्रस्तावना र नाम बहुमतले विधेयकको अंग बनेको घोषणा गर्दछु ।

**७. माननिय सदस्यहरु,**

अब म, प्रदेश सभा नियमावली, २०७४ को नियम १४० को उपनियम (५) बमोजिम आर्थिक मामीला तथा योजना मन्त्री माननीय झपट बहादुर बोहरालाई **सुदूरपश्चिम प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वय गर्न बनेको विधेयक, २०७६** लाई सभा बाट पारित गरियोस भन्ने प्रस्ताव पेश गर्न अनुमति दिन्छु ।

**माननीय झपट बहादुर बोहरा**

माननीय सभामुख महोदय, प्रदेश सभा नियमावली २०७४ को नियम १४० को उपनियम ५ बमोजिम अर्थ विधेयक बमोजिम सभाबाट पारित गरियोस भनी प्रस्ताव गर्दछु धन्यवाद ।

***(प्रस्ताव पेश गरे पछि)***

**८.** माननीय सदस्यहरू,

अब म, आर्थिक मामिला तथा योजना मन्त्री माननीय झपट बहादुर बोहराद्वारा पेश भएको प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

प्रस्तावको पक्षमा हुने माननिय सदस्यहरुले "हुन्छ" भन्नु होला र प्रस्तावको विपक्षमा हुने माननिय सदस्यहरुले "हुन्न" भन्नु होला ।

प्रस्तावको पक्षमा हुने मा० सदस्यहरु "हुन्छ" भन्नुहोस

("हुन्छ" भनिसके पछि )

प्रस्तावको बिपक्षमा हुने माननिय सदस्यहरु "हुन्न" भन्नुहोस

("हुन्न" भनिसके पछि )

( "हुन्न" भन्ने आवाज नसुनिए पछि)

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ **सुदूरपश्चिम प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वय गर्न बनेको विधेयक, २०७६** सर्वसम्मतिबाट पारित भएको घोषणा गर्दछु ।

**९. माननीय सदस्यहरू,**

अब, **सुदूरपश्चिम** प्रदेश सरकारको आ.ब. २०७६/०७७ को राजस्व र व्ययको अनुमान (बजेट) तथा उक्त बजेटसँग सम्बन्धित **आर्थिक वर्ष २०७६/०७७ को सेवा र कार्यहरूको लागि प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६** माथिको कार्बाही प्रारम्भ हुन्छ ।

**१०. माननीय सदस्यहरू,**

अब, म प्रदेश सभा नियमावली, २०७४ को नियम १३३ को उपनियम (११) बमोजिम **सुदूरपश्चिम** प्रदेश सरकारका तर्फबाट आर्थिक मामिला तथा योजना मन्त्री माननीय झपट बहादुर बोहरा द्वारा प्रस्तुत भएको चालु आ.ब. २०७६/०७७ को राजश्व र व्ययको अनुमान (बजेट) र उक्त बजेटसँग सम्बन्धित **आर्थिक वर्ष २०७६/०७७ को सेवा र कार्यहरूको लागि प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६** को दफा २ देखि ११ सम्मका दफाहरू र सो सँग सम्बन्धित उपदफाहरू र अनुसूची १ देखि ३ सम्मका अनुसूचीहरू विधेयकको अंग बनोस भनि निर्णयार्थ प्रस्तुत गर्दछु ।

प्रस्तावको पक्षमा हुने मा० सदस्यले "हुन्छ" भन्नु होला र प्रस्तावको विपक्षमा हुने मा० सदस्यहरुले "हुन्न" भन्नु होला ।

प्रस्तावको पक्षमा हुने मा. सदस्यहरु "हुन्छ" भन्नुहोस

("हुन्छ" भनिसके पछि)

प्रस्तावको विपक्षमा हुने मा. सदस्यहरु "हुन्न" भन्नुहोस

("हुन्न" भनिसके पछि)

("हुन्न" भन्ने अवाज नसुनिए)

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ **आर्थिक वर्ष २०७६/०७७ को सेवा र कार्यहरूको लागि प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६** को दफा २ देखि ११ सम्मका दफाहरू र सो सँग सम्बन्धित उपदफाहरू र अनुसूची १ देखि ३ सम्मका अनुसूचीहरू सर्वसम्मतिले विधेयकको अंग बनेको घोषणा गर्दछु ।

(“हुन्न” भन्ने आवाज सुनिएमा)

“हुन्न” भन्ने माननीय सदस्यहरू भन्दा “हुन्छ भन्ने माननिय सदस्यहरूको संख्या बढी भएकोले उपरोक्त **आर्थिक वर्ष २०७६/०७७ को सेवा र कार्यहरूको लागि प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६** को दफा २ देखि ११ सम्मका दफाहरू र सो सँग सम्बन्धित उपदफाहरू र अनुसूची १ देखि ३ सम्मका अनुसूचीहरू बहुमतले विधेयकको अंग बनेको घोषणा गर्दछु ।

**११. माननीय सदस्यहरू,**

अब म, विधेयकको प्रस्तावना र नाम पढेर सुनाउछु ।

**प्रस्तावनाः-** आर्थिक वर्ष २०७६/०७७ को सेवा र कार्यहरूको लागि प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न बाञ्छनीय भएकोले **सुदूरपश्चिम** प्रदेश सभाले यो ऐन बनाएको छ ।

**संक्षिप्त नाम र प्रारम्भः-** (१) यस ऐनको नाम “विनियोजन ऐन, २०७६ रहेको छ ।

(२) यो ऐन सम्वत् २०७६ साल साउन १ गते देखि लागू हुने छ ।

**१२. माननीय सदस्यहरू,**

अब म बिधेयकको प्रस्तावना र नाम **आर्थिक वर्ष २०७६/०७७ को सेवा र कार्यहरूको लागि प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६** को अङ्ग बनोस भनी निर्णयार्थ प्रस्तुत गर्दछु ।

प्रस्तावको पक्षमा हुने मा० सदस्यहरुले “हुन्छ” भन्नु होला र प्रस्तावको विपक्षमा हुने मा. सदस्यहरुले “हुन्न” भन्नु होला ।

प्रस्तावको पक्षमा हुने मा० सदस्यहरु “हुन्छ” भन्नुहोस ।

( “हुन्छ” भनिसके पछि )

प्रस्तावको विपक्षमा हुने मा. सदस्यहरु “हुन्न” भन्नुहोस ।

( “हुन्न” भनिसके पछि)

(“हुन्न” भन्ने अवाज नसुनिए)

“हुन्न” भन्ने आवाज सुनिएन तसर्थ उपरोक्त प्रस्तावना र नाम सर्वसम्मतिले बिधेयकको अङ्ग बनेको घोषणा गर्दछु ।

(“हुन्न” भन्ने आवाज सुनिएमा)

“हुन्न” भन्ने माननीय सदस्यहरू भन्दा “हुन्छ” भन्ने माननिय सदस्यहरूको संख्या बढी भएकोले उपरोक्त प्रस्तावना र नाम बहुमतले विधेयकको अंग बनेको घोषणा गर्दछु ।

**१३. माननिय सदस्यहरु,**

अब म, प्रदेश सभा नियमावली २०७४ को नियम १३३ को उपनियम (१२) बमोजिम आर्थिक मामीला तथा योजना मन्त्री माननीय झपट बहादुर बोहरालाई **आर्थिक वर्ष २०७६/०७७ को सेवा र कार्यहरूको लागि**

**प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६** लाई सभा बाट पारित गरियोस भन्ने प्रस्ताव पेश गर्न अनुमति दिन्छु ।

**माननीय झपट बहादुर बोहरा**

माननीय सभामुख महोदय, आर्थिक वर्ष २०७६/७७ को सेवा र कार्यहरुको लागि प्रदेश संचित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६ लाइ प्रदेश सभा नियमावली २०७४ को नियम १३३ को उपनियम १२ बमोजिम सभाबाट पारित गरियोस भनी प्रस्ताव प्रस्तुत गर्दछु धन्यवाद ।

*(प्रस्ताव पेश गरे पछि)*

**१४. माननीय सदस्यहरू,**

अब म, आर्थिक मामिला तथा योजना मन्त्री माननीय झपट बहादुर बोहराद्वारा पेश भएको प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

प्रस्तावको पक्षमा हुने माननिय सदस्यहरुले "हुन्छ" भन्नु होला र प्रस्तावको विपक्षमा हुने माननिय सदस्यहरुले "हुन्न" भन्नु होला ।

प्रस्तावको पक्षमा हुने मा० सदस्यहरु "हुन्छ" भन्नुहोस

("हुन्छ" भनिसके पछि )

प्रस्तावको बिपक्षमा हुने माननिय सदस्यहरु "हुन्न" भन्नुहोस

("हुन्न" भनिसके पछि )

( "हुन्न" भन्ने आवाज नसुनिए पछि)

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ **आर्थिक वर्ष २०७६/०७७ को सेवा र कार्यहरूको लागि प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६** सर्वसम्मतिबाट पारित भएको घोषणा गर्दछु ।

*("हुन्न" भन्ने आवाज सुनिएमा)*

"हुन्न" भन्ने माननीय सदस्यहरू भन्दा "हुन्छ" भन्ने माननिय सदस्यहरूको संख्या बढी भएकोले **आर्थिक वर्ष २०७६/०७७ को सेवा र कार्यहरूको लागि प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६** बहुमतले पारित भएको घोषणा गर्दछु ।

**१५. मा० सदस्यहरू,**

आजको बैठकको कार्बाही यही समाप्त हुन्छ । अर्को बैठक मिति २०७६ साल श्रावण २ गते विहीवार दिनको ३.०० बजे वस्ने भएकोले उक्त समय सम्मका लागि बैठक स्थगित भएको घोषणा गर्दछु ।